# <u>मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u>** : स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी मुलुकभित्र दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सहज, सुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अस्पताल" भन्नाले दफा १६ बमोजिम स्थापना भएको अस्पताल सम्झनु पर्छ ।

(ख) "अस्पताल व्यवस्थापन समिति" भन्नाले दफा १७ बमोजिम गठन भएको अस्पताल व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ग) "उपकुलपति" भन्नाले दफा १९ बमोजिमको उपकुलपति सम्झनु पर्छ ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा ११ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(ङ) "कुलपति" भन्नाले दफा १८ बमोजिमको कुलपति सम्झनु पर्छ ।

(च) "डीन" भन्नाले दफा २१ बमोजिमको डीन सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "निर्देशक" भन्नाले दफा २२ बमोजिमको निर्देशक सम्झनु पर्छ ।

(झ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ ।

(ञ) "प्राज्ञिक परिषद्" भन्नाले दफा ९ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ ।

(ठ) "रजिष्ट्रार" भन्नाले दफा २० बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ ।

(ड) "शिक्षक" भन्नाले प्रतिष्ठानमा अध्यापन तथा अनुसन्धान गर्न नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(ढ) “शैक्षिक संस्था” भन्नाले दफा १५ बमोजिम स्थापना भएका शैक्षिक संस्था सम्झनु पर्छ ।

(ण) “सभा” भन्नाले दफा ७ बमोजिम गठन भएको सभा सम्झनु पर्छ ।

(त) “सहकारी संस्था” भन्नाले नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड सम्झनु पर्छ ।

(थ) “सेवा आयोग” भन्नाले दफा १३ बमोजिम गठन भएको सेवा आयोग सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना, स्वरुप तथा काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापना** : (१) स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धान गर्न तथा सर्वसाधारण जनतालाई सहज, सुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने काम समेतको लागि मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिएकोछ ।

(२) प्रतिष्ठानको मुख्य कार्यालय धादिङ जिल्लामा रहनेछ र प्रतिष्ठानले आवश्यकता अनुसार अन्य ठाउँमा शैक्षिक संस्था वा अस्पतालको स्थापना गर्न सक्नेछ ।

(३) प्रतिष्ठानलाई अंग्रेजी भाषामा मनमोहन अधिकारी इन्ष्टिच्युट अफ हेल्थ साइन्सेज भनिनेछ ।

४. **प्रतिष्ठान स्वशासित संस्था हुने** : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. **प्रतिष्ठानको स्वरुप** : प्रतिष्ठानमा देहाय बमोजिमका सङ्गठनहरू रहने छन् र तिनीहरूको सामूहिक रुप नै प्रतिष्ठानको स्वरुप हुनेछ :-

(क) सभा,
(ख) प्राज्ञिक परिषद्,
(ग) कार्यकारी परिषद्,
(घ) सेवा आयोग,
(ङ) विद्या परिषद्,
(च) सङ्काय,
(छ) अनुसन्धान केन्द्र,
(ज) शैक्षिक संस्था,
(झ) अस्पताल,
(ञ) तोकिए बमोजिमका अन्य निकाय ।

६. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकार :** (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ख) गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने,

(ग) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालीम तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था तथा अस्पतालसँग सम्पर्क, समन्वय, सहकार्य तथा सम्झौता गर्ने,

(घ) गुणस्तरीय स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने,

(ङ) प्रतिष्ठानद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूलाई सुदृढ तुल्याउन तथा त्यस्ता कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था वा अस्पतालसँग समन्वय कायम गर्ने,

(च) स्वास्थ्यसँग सम्बन्धित स्वदेशी तथा विदेशी विश्वविद्यालय, प्रतिष्ठान र अन्तर्राष्ट्रिय संघ, संस्थासँग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदान प्रदान गर्ने,

(छ) स्वास्थ्य सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका गोष्ठी, सम्मेलन, सेमिनार, अन्तरक्रिया तथा स्वास्थ्य शिविर आयोजना गर्ने, गराउने,

(ज) स्वास्थ्य सम्बन्धी बिभिन्न पुस्तक, पर्चा, बुलेटिन तथा सचेतना पोष्टर प्रकाशन गर्ने, गराउने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

(२) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार प्रतिष्ठानको सङ्गठन मार्फत प्रयोग र पालना हुने छन् ।

## परिच्छेद-३

## सभाको गठन तथा काम, कर्तव्य र अधिकार

७. **सभाको गठन :** (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

(क) कुलपति - अध्यक्ष

(ख) उपकुलपति - सदस्य

(ग) सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) - सदस्य

(घ) प्रमुख संरक्षक, सहकारी संस्था - सदस्य

(ङ) स्वास्थ्य विज्ञान सम्बन्धी उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका उपकुलपतिहरूमध्ये कार्यकारी परिषद्को

सिफारिसमा सभाबाट मनोनीत एकजना -सदस्य

(च) सचिव, मन्त्रालय - सदस्य

(छ) सचिव, शिक्षा मन्त्रालय - सदस्य

(ज) सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य

(झ) सहकारी संस्थाका सञ्चालक समितिका सदस्यहरु - सदस्य

(ञ) डीन - सदस्य

(ट) निर्देशक - सदस्य

(ठ) शैक्षिक संस्थाका प्रमुखहरूमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत एकजना - सदस्य

(ड) शिक्षकहरूमध्ये प्राज्ञिक परिषद्को सिफारिसमा सभाबाट मनोनीत एकजना - सदस्य

(ढ) अध्यक्ष, राष्ट्रिय सहकारी संघ - सदस्य

(ण) अध्यक्ष, केन्द्रीय स्वास्थ्य सहकारी संघ - सदस्य

(त) प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूमध्ये सभाबाट मनोनीत एकजना - सदस्य

(थ) सहकारी संस्थाका सेयरधनीहरुमध्ये शिक्षा, कानून तथा सहकारीको क्षेत्रमाकाम गरेका विज्ञहरुमध्ये सहकारी संस्थाबाट मनोनीत दुइजना - सदस्य

(द) प्रतिष्ठानको मुख्य कार्यालय स्थित गाँउ पालिका वा नगरपालिकाको प्रमुख - सदस्य

(ध) दलित, आदिवासी/जनजाति तथा पिछडिएका वर्गबाट प्रतिनिधित्व हुने गरी कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुइजना - सदस्य

(न) चन्दादाताहरुमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुइजना - सदस्य

(प) रजिष्ट्रार -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो, सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(५) कुलपति वा उपकुलपति नियुक्ति नभएसम्मको लागि सभाको बरिष्टतम् सदस्यले सभाको बैठकको अध्यक्षता गर्नेछ।

(६) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुने छ र त्यसरी नतोकिएसम्म त्यस्तो कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **सभाको काम, कर्तव्य र अधिकार :** सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको बार्षिक बजेट स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, उपाधि, प्रमाणपत्र, पदक तथा पुरस्कार प्रदान गर्ने,

(ङ) तोकिए बमोजिम मानार्थ उपाधि प्रदान गर्ने,

(च) प्रतिष्ठानका विभिन्न निकायहरुलाई मार्गदर्शन गर्ने तथा आवश्यक निर्देशन दिने,

(छ) राष्ट्रिय स्वास्थ्य तथा शिक्षा नीति निर्माण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(ज) प्रतिष्ठानको बार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(झ) प्रतिष्ठानको लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने,

(ञ) शैक्षिक संस्थाको स्थापना सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने, गराउने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

## परिच्छेद-४

## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

९. **प्राज्ञिक परिषद्को गठन :** (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित र नियमित गर्ने निकायको रुपमा काम गर्न एक प्राज्ञिक परिषद् रहनेछ ।

(२) प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) उपकुलपति - अध्यक्ष

(ख) प्रतिष्ठानका विभिन्न विषयगत समितिका अध्यक्षहरूमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत तीनजना - सदस्य

(ग) निर्देशक - सदस्य

(घ) प्रतिष्ठानका पाठ्यक्रम तथा परीक्षा सम्बन्धी निकायका प्रमुखहरू - सदस्य

(ङ) शिक्षकहरूमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुइजना - सदस्य

(च) स्वास्थ्य सेवाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(छ) रजिष्ट्रार - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म त्यस्तो कार्यविधि प्राज्ञिक परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार** : प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ख) स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषय र तहमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षकको योग्यता निर्धारण गर्ने,

(घ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम र प्रशिक्षण कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने,

(ङ) प्रतिष्ठानमा अध्ययन गर्ने विद्यार्थी छनौट गर्ने,

(च) परीक्षाको मापदण्ड निर्धारण गर्ने,

(छ) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,

(ज) प्रतिष्ठानबाट सञ्चालित अध्ययन कार्यक्रममा सफल हुने विद्यार्थीलाई उपाधि प्रदान गर्न सभामा सिफारिस गर्ने,

(झ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने मानार्थ उपाधि, छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्न सभामा सिफारिस गर्ने,

(ञ) गुणस्तरीय पाठ्यपुस्तक तथा अध्ययन, अध्यापन सामाग्रीहरु तयार गर्ने, गराउने

(ट) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम तथा प्रशिक्षण कार्यक्रमहरुको मूल्याङ्कन गर्ने,

(ठ) अध्ययन, तालीम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,

(ड) सभाबाट स्वीकृत प्राज्ञिक परिषद्सँग सम्बन्धित निर्णय कार्यान्वयन गर्ने, गराउने तथा त्यस्तो निर्णयको अनुगमन गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

## परिच्छेद-५

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

**११. कार्यकारी परिषद्को गठन** : (१) प्रतिष्ठानको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) उपकुलपति - अध्यक्ष

(ख) डीन - सदस्य

(ग) स्वास्थ्य, शिक्षा वा कानूनको क्षेत्रमा काम गरेका विज्ञहरुमध्येबाट दुइजना - सदस्य

(घ) सभाका सदस्य रहेका शैक्षिक संस्थाका प्रमुखहरूमध्येबाटएकजना- सदस्य

(ङ) शिक्षकहरूमध्येबाट एकजना - सदस्य

(च) रजिष्ट्रार - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको मनोनयन सहकारी संस्था र खण्ड (घ) र (ङ) बमोजिमका सदस्यहरुको मनोनयन उपकुलपतिको सिफारिसमा कुलपतिले गर्नेछ ।

(४) उपदफा (३) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म त्यस्तो कार्यविधि कार्यकारी परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार** : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ग) प्रतिष्ठानको नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(घ) मातहतका निकायहरुबाट सम्पन्न भएका काम, कारबाहीको अनुगमन र मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायहरुलाई निर्देशन दिने,

(ङ) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, ब्यवस्थापन, रेखदेख र संरक्षण गर्ने, बेचबिखन गर्ने तथा ठेक्कापट्टामा दिने,

तर, नेपाल सरकार तथा सार्वजनिक निकायबाट प्राप्त अचल सम्पत्ति बेचबिखन गर्दा त्यस्तो निकायको स्वीकृति लिनु पर्नेछ ।

(च) सेवा आयोगको सिफारिसमा प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरुको नियुक्ति तथा बढुवा गर्ने,

(छ) प्रतिष्ठानलाई प्राप्त विभिन्न किसिमका सहयोग लिने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

## परिच्छेद-६

## सेवा आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

१३. **सेवा आयोग गठन** : (१) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एक सेवा आयोग रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा आयोगमा देहायका अध्यक्ष तथा सदस्यहरु रहने छन् :-

(क) स्वास्थ्य तथा शिक्षाको क्षेत्रमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सो क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेका वा नेपाल सरकारको विशिष्ट श्रेणी वा प्राध्यापकको रुपमा रही जिम्मेवारी निर्वाह गरेका व्यक्तिहरूमध्येबाट -अध्यक्ष

(ख) लोक सेवा आयोगको सदस्य वा सचिव - सदस्य

(ग) शिक्षकहरूमध्येबाट एकजना -सदस्य- सचिव

(३) उपदफा (२) को खण्ड (क) र (ग) बमोजिमका अध्यक्ष र सदस्यको मनोनयन सभाले गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(५) सेवा आयोगको अध्यक्षको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त र सदस्यको सुविधा तोकिए बमोजिम हुनेछ ।

(६) सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## विद्या परिषद्, संकाय, अनुसन्धान केन्द्र, शैक्षिक संस्था, अस्पताल तथा अन्य निकाय

१४. **विद्या परिषद, सङ्काय तथा अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था** : (१) प्रतिष्ठानले अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यमा सहजता प्रदान गर्न विद्या परिषद, सङ्काय तथा अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित विद्या परिषद, सङ्काय तथा अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१५. **शैक्षिक संस्थाको स्थापना तथा सञ्चालन** : (१) प्रतिष्ठानले स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषयमा अध्ययन गर्ने उद्देश्यले आवश्यकता अनुसार शैक्षिक संस्थाको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित शैक्षिक संस्थाको व्यवस्थापन तथा सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१६. **अस्पतालको स्थापना र सञ्चालन**: (१) प्रतिष्ठानले स्वास्थ्य सेवाको क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न र गुणस्तरीय एवं सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि अस्पतालको स्थापना गर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सहकारी संस्थाद्वारा सञ्चालित मनमोहन मेमोरियल अस्पताल उपदफा (१) बमोजिम स्थापना भएको मानिनेछ ।

(३) अस्पतालको व्यवस्थापन तथा सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१७. **अस्पताल व्यवस्थापन समिति** : (१) अस्पताललाई सुचारुरुपले सञ्चालन गर्न, गराउनको लागि एक अस्पताल व्यवस्थापन समिति रहनेछ ।

(२) अस्पताल व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८

## प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी

१८. **कुलपति** : (१) प्रतिष्ठानको प्रमुखको रुपमा काम गर्न एक कुलपति रहनेछ ।

(२) सभाले कुलपतिको नियुक्तिका लागि सिफारिस गर्न सहकारी संस्थाको अध्यक्षको संयोजकत्वमा सभाका दुइजना सदस्य रहने गरी तीन सदस्यीय एक समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समितिले देहायका व्यक्तिहरुमध्येबाट तीनजनाको नाम कुलपतिको पदमा नियुक्तिको लागि सभासमक्ष सिफारिस गर्नेछ र त्यसरी सिफारिस भएका व्यक्तिहरुमध्येबाट सभाले एकजनालाई प्रतिष्ठानको कुलपतिमा नियुक्त गर्नेछ :-

(क) पूर्व प्रधानमन्त्री

(ख) पूर्व प्रधानन्यायाधीश

(ग) पूर्व सभामुख

(घ) शैक्षिक तथा सामाजिक क्षेत्रमा विशिष्ठ योगदान पुर्‍याएका लब्धप्रतिष्ठित व्यक्ति ।

(४) कुलपतिको पदावधि पाँच वर्षको हुनेछ ।

(५) कुलपतिको काम, कर्तव्य र अधिकार तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

१९. **उपकुलपति** : (१) प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारीको रुपमा एक उपकुलपति रहनेछ ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिले सभाका सदस्यहरु समेत रहेको एक समिति गठन गर्नेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपति नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समितिले उपकुलपतिको नियुक्तिको लागि सिफारिस गर्दा देहायको योग्यता पुगेका व्यक्तिहरुमध्येबाट गर्नु पर्नेछ :-

(क) कुनै विश्वविद्यालय वा प्रतिष्ठानको प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदबाट सेवा निबृत्त भएको,

(ख) पैतीस वर्ष उमेर पूरा गरेको ।

(४) उपकुलपतिले कुलपतिको अनुपस्थितिमा कुलपतिको हैसियतले समेत काम गर्नेछ ।

२०. **रजिष्ट्रार** : (१) प्रतिष्ठानको आर्थिक र प्रशासनिक कामको रेखदेख गर्नका लागि प्रतिष्ठानमा एकजना रजिष्ट्रार रहनेछ ।

(२) उपकुलपतिको सिफारिसमा कुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

(३) रजिष्ट्रार प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

२१. **डीन** : (१) प्रतिष्ठानको सङ्कायको प्रमुख भई काम गर्न सङ्कायमा डीन रहनेछ ।

(२) उपकुलपतिले डीनको नियुक्ति गर्नेछ ।

(३) डीन प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

२२. **निर्देशक** : (१) अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि डीनको सिफारिसमा उपकुलपतिले निर्देशकको नियुक्ति गर्नेछ ।

(२) निर्देशक अस्पतालको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

२३. **पदाधिकारीको पदावधि, सेवा, शर्त तथा काम, कर्तव्य, र अधिकार :**

(१) उपकुलपति, रजिष्ट्रार, डीन तथा निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(२) प्रतिष्ठानमा उपदफा (१) मा उल्लेख भए बाहेक तोकिए बमोजिमका अन्य पदाधिकारीहरू रहन सक्ने छन् ।

(३) उपदफा (१) वा (२) बमोजिमका पदाधिकारीहरुको नियुक्तिका आधार, सेवाका शर्त तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छन् ।

२४. **पदबाट हटाउन सक्ने** : (१) उपकुलपति, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्षले आफ्नो पदीय जिम्मेवारी पूरा गरेको, पद अनुरुपको आचरण गरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेको छैन भनी सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य दुईजना सदस्य रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छानविन समितिले उपकुलपति, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्षले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको भनि सिफारिस गरेमा र सो कुरा सभाको बैठकबाट पारित भएमा कुलपतिले उपकुलपति, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्षलाई निजको पदबाट हटाउनेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिष्ठानका पदाधिकारीलाई पदबाट हटाउने सिफारिस गर्नु अघि छानबिन समितिले निज उपर लागेको आरोपको सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम छानबिन समिति गठन भएपछि उपदफा (२) बमोजिम निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ ।

(५) उपकुलपति, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्ष वाहेक प्रतिष्ठानका अन्य पदाधिकारीलाई पदबाट हटाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **प्रतिष्ठानका शिक्षक तथा कर्मचारी** : (१) प्रतिष्ठानमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारीहरू रहने छन् ।

(२) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको नियुक्ति सेवा आयोगको सिफारिसमा तोकिए बमोजिम हुनेछ ।

(३) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका शर्त तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

२६. **प्रतिष्ठानको कोष** : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :-

(क) सहकारी संस्थाबाट प्राप्त रकम,

(ख) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तराष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले बिदेशी व्यक्ति, सरकार वा संघ वा संस्थाबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) प्रतिष्ठानको कोषको रकम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कुनै बैक वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२७. **लेखा र लेखापरीक्षण** : (१) प्रतिष्ठानको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

## परिच्छेद-१०

## विविध

२८. **सम्बन्धन दिन नसक्ने** : प्रतिष्ठानले कुनै शैक्षिक संस्थालाई सम्बन्धन दिन सक्ने छैन ।

२९. **अन्य संस्थालाई समाहित गर्न सक्ने** : (१) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका स्वास्थ विज्ञान सम्बन्धी कुनै संस्था प्रतिष्ठानसँग समाहित हुन चाहेमा प्रतिष्ठानले त्यस्तो संस्थालाई प्रतिष्ठानमा समाहित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्था समाहित गर्ने सम्बन्धी आधार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३०. **स्वास्थ्य र शिक्षा सम्बन्धी राष्ट्रिय नीति अनुरुप काम गर्नु पर्ने** : प्रतिष्ठानले नेपाल सरकारबाट स्वीकृत भएको स्वास्थ्य र शिक्षा सम्बन्धी राष्ट्रिय नीति अनुरुप काम गर्नु पर्नेछ ।

३१. **छात्रवृत्ति उपलब्ध गराउने** : (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा भर्ना गर्ने कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशत स्थानमा तोकिए वमोजिमका विद्यार्थीलाई पूर्ण रुपमा छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) कुनै निकाय वा संस्थाले प्रतिष्ठानमा भर्ना भएका कुनै विद्यार्थीलाई पूर्ण वा आंशिक रुपमा छात्रवृति उपलब्ध गराउन सक्नेछ ।

३२. **तोकेको स्थानमा काम गर्नु पर्ने** : (१) दफा ३१ को उपदफा (१) बमोजिम छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले प्रतिष्ठानले तोकेको अवधिभर पिछडिएका क्षेत्रमा काम गर्नु पर्नेछ ।

(२) दफा ३१ को उपदफा (२) बमोजिम कुनै निकाय वा संस्थाको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले त्यस्तो छात्रवृत्ति पाए बापत कुनै ठाउँमा निश्चित अवधिसम्म काम गर्नु पर्ने गरी त्यस्तो निकाय वा संस्थाले शर्त राखेको भए सोही शर्त बमोजिम र त्यसरी शर्त नराखेको भए उपदफा (१) बमोजिम तोकिएको अवधिभर पिछडिएको क्षेत्रमा काम गर्नु पर्नेछ ।

(३) यस ऐन बमोजिमको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले यस दफा बमोजिम तोकिएको पूरा अवधि काम गरेपछि मात्र प्रतिष्ठानले त्यस्तो विद्यार्थीलाई शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र दिनेछ ।

(४) प्रतिष्ठानले यस ऐन बमोजिमको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी बाहेक प्रतिष्ठानमा अध्ययन गर्ने अन्य विद्यार्थीलाई अध्ययन पश्चात् पिछडिएका क्षेत्रको स्वास्थ्य संस्थामा काम गर्न प्रोत्साहित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३३. **वार्षिक प्रतिवेदन** : (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा गरेको कामको संक्षिप्त विवरण र प्रतिष्ठानको उपलब्धि लगायतका कुराहरू उल्लेख गर्नु पर्नेछ ।

३४. **अधिकार प्रत्यायोजन** : (१) सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद् वा कार्यकारी परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा सेवा आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानका मातहतका निकाय वा कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) उपकुलपतिले यस ऐन वमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार मातहतका पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३५. **काम कारबाही बदर नहुने** : प्रतिष्ठानको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भै वा प्रतिष्ठानको कुनै सङ्गठनको कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटि भएको कारणले मात्र प्रतिष्ठानबाट भए गरेको काम कारबाही बदर हुने छैन ।

३६. **निर्देशन दिन सक्ने** : प्रतिष्ठानको काम कारबाहीको सम्बन्धमा नेपाल सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

३७. **नेपाल सरकारसँग सम्पर्क** : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३८. **शपथ लिनु पर्ने** : प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

३९. **प्रतिष्ठानमा रहन सक्ने :** (१) यो ऐन प्रारम्भ हुँदाका बखत मनमोहन मेमोरियल अस्पताल, स्वयम्भूमा कार्यरत कर्मचारीले प्रतिष्ठानमा काम गर्न चाहेमा यस ऐन अन्तर्गत बनेको कर्मचारी सेवा शर्त सम्बन्धी नियम प्रारम्भ भएको मितिले छ महिनाभित्र प्रतिष्ठानमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीलाई प्रतिष्ठानले सो प्रतिष्ठानको कर्मचारीको रुपमा रहने स्वीकृति दिएमा त्यस्तो कर्मचारी प्रतिष्ठानको कर्मचारी मानिनेछ ।

४०. **प्रतिष्ठानमा सम्पत्ति तथा दायित्व सर्ने :** (१) सहकारी संस्थाद्वारा स्थापित मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पतालको नाममा रहेको सम्पूर्ण चल, अचल सम्पत्ति, ऋण तथा दायित्व प्रतिष्ठानमा सर्नेछ ।

(२) कुनै कारणले प्रतिष्ठान सञ्चालन हुन नसक्ने भएमा सभाले प्रतिष्ठान खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिष्ठान खारेज भएमा प्रतिष्ठानको नाममा रहेको सम्पत्ति तथा दायित्व सहकारी संस्थामा सर्नेछ ।

तर नेपाल सरकार वा सार्वजनिक निकायले सहकारी संस्था वा प्रतिष्ठानको लागि कुनै सम्पत्ति उपलब्ध गराएको भए त्यस्तो सम्पत्ति सम्बन्धित निकायको नाममा फिर्ता हुनेछ ।

४१. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयनको लागि प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ ।

४२. **बचाउ** : यस ऐन बमोजिम अस्पताल व्यवस्थापन समिति गठन नभएसम्मको लागि सहकारी संस्थाद्वारा गठित समितिले अस्पताल व्यवस्थापन समितिको काम गर्नेछ ।